# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

**खण्ड ४८) काठमाडौं, असार ५ गते २०५५ साल (अतिरिक्ताङ्क २२**

## भाग ३

### निर्वाचन आयोगको
### सूचना १

खण्ड ४८, अतिरिक्तांक १८ मिति २०५५/२/२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस आयोगको सूचना अनुसार निर्वाचनको प्रयोजनको लागि आफ्नो नाम दर्ता गराउन यस आयोगमा दिएको निवेदन उपर कारवाही हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (१) बमोजिम देहायका राजनैतिक संगठन वा दलहरुको नाम निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त नभएको राजनैतिक संगठन वा दलका रुपमा दर्ता गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

१. नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) ।

२. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) ।

३. नेपाल सोसलिष्ट पार्टी ।

### सूचना २

निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त नभएका राजनैतिक संगठन वा दलको रुपमा यस आयोगमा दर्ता भएका देहायका राजनैतिक संगठन वा दलहरुलाई यस आयोगले निर्धारण गरेको स्वतन्त्र निर्वाचन चिन्हहरुको समूहबाट देहायका निर्वाचन चिन्हहरु तोकेको छ । निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त नभएका राजनैतिक संगठन वा दलको रुपमा यस आयोगमा दर्ता भएका राजनैतिक संगठन वा दलले कुनै निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवार खडा नगरेको अवस्थामा भने त्यस्ता संगठन वा दलको लागि तोकिएको निर्वाचन चिन्ह निर्वाचन अधिकृतले सो निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारलाई प्रदान गर्न सक्नेछ ।

| सि.नं. | संगठन वा दलको नाम | निर्वाचन चिन्हहरु | |
|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) | पाँचकुने तारा |  |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपाल सोसलिष्ट पार्टी — हातमा गहूँको वाला



## सूचना ३

## राष्ट्रिय सभा सदस्य निर्वाचन आचार संहिता २०५५

निर्वाचन आयोग ऐन, २०४७ को दफा २४क. ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सदस्यहरुको निर्वाचनका लागि आचार संहिता बनाई लागू गरेको छ ।

यो आचार संहिता उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि लागू हुनेछ ।

**क. <u>राजनैतिक संगठन वा दल तथा उम्मेदवारहरुले पालन गर्नुपर्ने आचरण</u>**

राजनैतिक संगठन वा दलहरु, राजनैतिक संगठन वा दलका उम्मेदवारहरु तथा स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा खण्ड ४६,अतिरिक्तांक ४३ मिति २०५३/८/२३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित निर्वाचन आचार संहिता अनुसार नै पालन गर्नु गराउनु पर्दछ ।

**ख. <u>निर्वाचन खर्च</u> :**

राजनैतिक संगठन वा दलहरु, राजनैतिक संगठन वा दलका उम्मेदवारहरु र स्वतन्त्र उम्मेदवारहरुले निर्वाचन अभियान संचालन गर्दा गरिने खर्चका सम्बन्धमा निम्नलिखित आचरण पालन गर्नु गराउनु पर्दछ :-

१. निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा आयोगबाट निर्धारित सीमाभित्र रही खर्च गर्नु पर्छ ।

२. प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयं वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु गराउनु पर्नेछ । सो हिसाबको फाँटवारी आयोगले तोकेको संस्था निकाय वा व्यक्तिबाट हेर्न वा जाँच्न लगाउन सक्नेछ ।

३. निर्वाचन खर्चको हिसाब पेश गर्दा उम्मेदवारको लागि आ-आफ्ना राजनैतिक संगठन वा दल वा अन्यत्रबाट गरिएको खर्च पनि देखाउनु पर्नेछ । यस्तो खर्च पनि निर्वाचन खर्चको अधिकतम हदभित्र समावेश गरिनेछ ।

४. राजनैतिक संगठन वा दलहरुले आफ्नो उम्मेदवारको सम्बन्धमा गरेको खर्चको विवरण राख्नुपर्नेछ र आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।

**ग. <u>विविध</u> :**

१. सरकारी संचार माध्यमहरुले कुनै पनि उम्मेदवार वा राजनैतिक संगठन वा दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्नु हुँदैन ।

२. मतदान हुने ठाउँमा मतदान हुने दिनमा मादक पदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउनु पर्नेछ ।

३. आचार संहिताको कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाचन अधिकृत, स्थानीय प्रशासन र प्रहरीको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घ१. विकास क्षेत्रबाट प्रतिनिधित्व हुने राष्ट्रियसभा सदस्य निर्वाचनको खर्चको सीमा निम्नानुसार तोकिएको छ :-

| सि. नं. | खर्चको शीर्षक | सुदूर पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | पूर्वाञ्चल र पश्चिमाञ्चल | मध्यमाञ्चल |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली र सोको प्रतिलिपि | ३००/- | ६००/- | ८००/- | १०००/- |
| २. | सवारी साधन तथा यातायात खर्च | २००००/- | २५०००/- | ३५०००/- | ४००००/- |
| ३. | पर्चा, पम्प्लेट, पोष्टर | २०००/- | ३०००/- | ४०००/- | ५०००/- |
| ४. | सभा, गोष्ठी | २०००/- | ३०००/- | ४०००/- | ५०००/- |
| ५. | कार्यकर्ता र कार्यालय खर्च | २०००/- | ३०००/- | ४०००/- | ५०००/- |
| ६. | बुथ खर्च | १०००/- | १५००/- | १५००/- | २०००/- |
| | जम्मा | २७३००/- | ३६१००/- | ४९३००/- | ५८०००/- |

२. निर्वाचनको परिणामको घोषणा भएको मितिले ३० दिनभित्र सम्बन्धित उम्मेदवारहरुले खर्चको विवरण निर्वाचन आयोग वा निर्वाचन आयोगले तोकेको अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु.सचिव

९८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।